आज मिति २०८१/०९/०१ गते विहान ९:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री लेखनाथ पोखरेल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख
१९ आमन्त्रित Mr तेजेन्द्र लम्साल, लेखापाल

प्रस्तावहरु :-

१. गाउँसभा संचालन सम्बन्धमा।

२. प्रगति समीक्षा सम्बन्धमा।

३. विविध

**निर्णयहरु:-**

| सि.नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | प्रशासन / गाउँ सभा | रिब्दीकोट गाउँपालिकाको हिउदे गाउँसभा मिति २०८१।९।९ गते बस्ने निर्णय गरियो। | |
| २. | प्रशासन | आर्थिक वर्ष २०८१।०८२ को हालसम्मको आम्दानी खर्च तथा योजनाहरुको चौमासिक प्रगतिको समीक्षा गरियो। साथै आगमी योजना गाउँपालिकाले स्वीकृत गरेको कार्ययोजना बमोजिम गर्ने। | |
| ३. | विविध | क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटबलद्वारा पत्र संख्या ३.३/C-००७६४७/०८०/०८१ मिति २०८१।८।९ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र उपर छलफल गरियो। सो सम्बन्धमा गाउँपालिकाद्वारा अनुदानमुखि कार्यक्रम कार्यन्वयन गर्दा लाभग्राहीको वास्तविक आवश्यकता पहिचान, लाभग्राहीको मागमा आधारित, दिर्घकालीन रुपमा प्रभाव पर्ने, लागत साझेदारी वा सहभागिता हुने कार्यक्रमहरु छनौट गर्ने र सार्वजनिक ऐनको पूर्ण पालन गरी दिगोपना हुने किसिमका कार्यक्रम कार्यन्वयन गर्न प्रतिवद्दता जाहेर गर्ने निर्णय गरियो।<br>ख) लियो क्लब पाल्पाद्वारा आयोजित पालिकास्तरीय डाउनटाउन क्रिकेट प्रतियोगितामा रिब्दीकोट गाउँपालिकाद्वारा गाउँपालिकाको प्रतिनिधित्व गरी खेलाडी पठाउनको निम्ति युवा तथा खेलकुद शाखाबाट तयार गरिएको ब्यवस्थापन खर्च वापतको १ लाख बराबरको कार्यक्रम प्रस्तावना स्वीकृत गर्ने साथै उक्त रकम जनतासंग जनप्रतिनिधि शिर्षकबाट भुक्तानीको ब्यवस्था मिलाउने।<br>ग) गाउँपालिका अन्तर्गतको पालुङ स्वास्थ्य चौकीको भवन उद्घघाटन, ल्याव सेवा, एम्बुलेन्स सेवा सन्चालन, तथा पालुङ आयुर्वेद औषधालयको भवन उद्घघाटनको निम्ति पेश भएको २ लाख रुपैयाको कार्यक्रम प्रस्तावना स्वीकृत गर्ने साथै उक्त रकम जनतासंग जनप्रतिनिधि शिर्षकबाट भुक्तानीको ब्यवस्था मिलाउने।<br>घ) सन्चार मञ्च पाल्पलाई सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन गर्न अनुमति दिने साथै सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालनको निम्ति आवश्यक प्रक्रिया अगाडी बढाउने।<br>ङ) पाल्पा उद्योग वाणिज्य संघद्वारा नापतौल सामाग्री नविकरण कार्यक्रम सन्चालन गरेवापत रु ५०००।- रकम भुक्तानी दिने। | |

CamScanner

| | | | |
|---|---|---|---|
| | | च) नेपाल कम्यूनिष्ट पार्टी जिल्ला समिति पाल्पालाई नेतृत्व विकास तालिम गरेवापत रु ५०००।- सहायता रकम भुक्तानी दिने।<br>छ) दोस्रो सुन्तला महोत्सव सन्चालनको लागि तयार गरिएको कुल लागत ११ लाख ५० हजार मध्ये ५० प्रतिशत बराबरको रकम भुक्तानी दिने।<br>ज) ईलाका प्रहरी कार्यालय मुझुङ्गलाई सवारी साधन मर्मत वापतको रकम रु ११८४१।- रकम भुक्तानी दिने साथै यसरी मर्मत गरेवापत रकम भुक्तानी दिंदा आर्थिक वर्षमा एक पटक मात्र दिने।<br>झ) सुन्तला र आलु खेतीमा लागेको रोग नियन्त्रण गर्न कृषि तथा पशुपालनमा क्षति सम्बोधन कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट बिषादी खरिद गरी कृषकहरुलाई निशुल्क: रुपमा वितरण गर्ने निर्णय गरियो। | |